Australian Government Fair Work OMBUDSMAN

# बिदा तथा कामबाट छुट्टि लिँदा

कामदारले थुप्रै कारणले कामबाट छुट्टी लिन सक्छन्, जस्तैः

- होलिडे बिदा (वार्षिक बिदा) मा जानका लागि
- किनकि उनीहरू बिरामी छन् वा बिरामी परिवार सदस्यहरूको हेरचाह गर्न (बिरामी तथा हेरचाहकर्ताको बिदा) (www.fairwork.gov.au/language-help/nepali/holidays-and-taking-time-off-work/sick-and-carers-leave)
- सार्वजनिक बिदा (www.fairwork.gov.au/language-help/nepali/holidays-and-taking-time-off-work/public-holidays) मा
- जब कुनै बच्चा जन्मन्छ वा बच्चा अपनाउँदा (पैतृक बिदा (www.fairwork.gov.au/language-help/nepali/holidays-and-taking-time-off-work/parental-leave) )।

सबै कामदारहरूले, क्याज्युल (casual) बाहेक, होलिडे बिदा तथा बिरामी र हेरचाहकर्ताको बिदामा भुक्तानी पाउने सुविधा का लागि योग्य हुन्छन्।

कामबाट छुट्टी लिँदा, कामदारहरूलाई उनीहरूको न्यूनतम तलब दर भुक्तानी गरिनुपर्छ, यसमा ओभरटाइम, जरिवाना, भत्ता वा बोनस समावेश हुँदैनन्।

## होलिडे बिदाको भुक्तानी

होलिडे बिदा (जसलाई वार्षिक बिदा (annual leave) पनि भनिन्छ) ले कामदारलाई कामबाट छुट्टी लिँदा तलब भुक्तानी गर्छ।

वार्षिक बिदाकोबारेमा हाम्रो छोटो भिडियो हेर्नुहोस्।



### कामदारले कति बिदा प्राप्त गर्न सक्छ?

पूर्णकालीन तथा आंशिक कामदारहरूले हरेक वर्ष 4 हप्ताको वार्षिक बिदा प्राप्त गर्छन्। केही कामदारहरूले वार्षिक बिदा भार (annual leave loading) नामक अतिरिक्त भुक्तानी पनि प्राप्त गर्छन्।

क्याज्युल कामदारले कामबाट छुट्टीको भुक्तानी प्राप्त गर्दैनन् तर उनीहरूको रोजगारदातालाई होलिडेका लागि बेतलबी बिदा दिन अनुरोध गर्न सक्छन्।

### होलिडेका लागि बिदा कहिले लिइन्छ?

कामदारहरूले काम शुरू गरेलगत्तै वार्षिक बिदा जम्मा गर्न थाल्छ। यो निम्न तरिकाको हुन सक्छः

- काम गरेको पहिलो 12 महिनाको अवधिमा जुनसुकै बेला

- पूरै वा आंशिक दिनलगायत जतिसुकै समयकस लागि।

रोजगारदाता तथा कामदारले कहिले बिदा लिन मिल्छ भनेर सहमत हुनुपर्छ। रोजगारदाताले वार्षिक बिदाका लागि कामदारको अनुरोधलाई इन्कार गर्न सक्छ यदि सो इन्कारीको कारण उचित छ भने।

कहिलेकाहीँ रोजगारदाताले आफ्ना कामदारलाई वार्षिक बिदा लिनका लागि निर्देशन दिन्छन्।

## रोजगारीको समाप्ति

जब रोजगारी समाप्त हुन्छ, कामदारहरूको जम्मा भएको तर नचलाएको वार्षिक बिदाहरूको भुक्तानी गरिनुपर्छ।

वार्षिक भुक्तानीमा वार्षिक बिदा भार (annual leave loading) पनि समावेश हुनुपर्छ यदि सो भार कामदारले रोजगारीको समयमा बिदा लिंदा भुक्तानी गरिनु पर्ने थियो भने।

### यसपछि के गर्ने

- होलिडे तलब वा बिरामी तथा हेरचाहकर्ताको बिदाको हिसाबकिताब गर्न हाम्रो बिदा क्यालकुलेटर (Leave Calculator (https://calculate.fairwork.gov.au/Leave) ) मा जानुहोस्।

**Page reference No: 7208**

## Contact us

Fair Work Online: www.fairwork.gov.au
Fair Work Infoline: 13 13 94
Need language help?
Contact the Translating and Interpreting Service (TIS) on 13 14 50
Hearing & speech assistance
Call through the National Relay Service (NRS):
For TTY: 13 36 77. Ask for the Fair Work Infoline 13 13 94
Speak & Listen: 1300 555 727. Ask for the Fair Work Infoline 13 13 94

The Fair Work Ombudsman is committed to providing advice that you can rely on. The information contained on this website is general in nature. If you are unsure about how it applies to your situation you can call our Infoline on 13 13 94 or speak with a union, industry association or workplace relations professional. Visitors are warned that this site may inadvertently contain names or pictures of Aboriginal and Torres Strait Islander people who have recently died.